स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित कमेडियन खड्गबहादुर पुन "खबपु"लाई मुख्य भूमिकामा लिएर बनेको फिल्म "चिठ्ठी"को प्रदर्शन मिति तय गरिएको छ । निर्माण पक्षले गुरु पूर्णिमाको अवसर पारेर बिहीबार एक पोस्टर सार्वजनिक गर्दै आगामी भदौ २० गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराएको हो । कुवेर सिने डिस्ट्रीब्युसनले फिल्मलाई देशभर वितरण गर्नेछ ।

**आजको विचार...**



समृद्ध... (दुई पेजमा)

दुर्गा प्रसाद अर्याल



गायक अशोक दर्जीले मुख्य भूमिकामा अभिनय गरेको फिल्म "मन बिनाको धन" आगामी कातिक २१ गतेबाट प्रदर्शनमा आउने भएको छ। बिहीबार फिल्मकी निर्मात्री बिष्णुमाया मैनाली र वितरक कम्पनीहरुबीच भएको सम्झौतापछि फिल्मलाई उक्त मितिमा प्रदर्शन गर्ने निधो गरिएको हो । नेपालभित्र फिल्मलाई एप्पल इन्टरटेन्मेन्ट, रिच इन्टरटेन्मेन्ट र एफडी कम्पनीले वितरण गर्नेछन् । यसमा शिवम् अधिकारीको पटकथा तथा संवाद लेखन छ।

❒ वर्ष ३० ❒ अंक ३४७ ❒ २०८२ असार २८ गते शनिबार 12 July 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### रसुवा बाढीबाट मृत्यु हुने ११ पुगे

**काठमाडौं, असार २७/** माथिल्लो जलाधार क्षेत्रमा हिमताल विष्फोट भएर रसुवामा मंगलबार आएको बाढीमा परेर मृत्यु हुने ११ जना पुगेका छन् । यसअघि नौ जनाको मृत्यु भएकामा त्रिशूली नदीको तल्लो तटीय क्षेत्रमा दुई जनाको शव फेला परेसँगै शुक्रबारसम्म मृत्यु हुनेको संख्या ११ पुगेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

उनका अनुसार अहिलेसम्म बाढीमा फसेका अलपत्र परेका तथा सडक अवरुद्ध हुँदा रोकिएका गरी ८ सय ६२ जनाको उद्धार गरिएको छ । उनीहरूलाई उद्धार गरी सुरक्षित गन्तव्यतर्फ पठाइएको उनले बताए । अहिलेसम्म एक जनाको शव सनाखत भएको र अन्य शवहरूको सनाखत हुनसकेको छैन । कतिपयको चिन्न नसक्ने अवस्थाको र कतिपय मानव अङ्गमात्र फेला पारिएको छ । प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार अझै १९ जना बेपत्ता रहेका छन् । उक्त बाढीमा परेर रसुवाबाट हराइरहेका एक जना प्रहरी ( असई) लालबहादुर श्रेष्ठको शव पहिचान भएपछि अन्त्येष्टि गरिएको तर अरुको पहिचान नहुँदा अन्त्येष्टि गर्न सकिएको छैन । शवलाई महाराजगञ्जस्थित शिक्षण अस्पतालमा राखिएको छ । उक्त बाढीमा परेकाहरूको उद्धारका लागि एक हजार ३०० भन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ ।

# बाँझो बारीमा उखुखेती, मनग्य आम्दानी गर्दै किसान

**रासस**

**गुल्मी, असार २७/** गुल्मीको छत्रकोट गाउँपालिका -४ दिगामका कृषकले व्यावसायिक उखुखेती गरेर राम्रो आम्दानी लिइरहेका छन् । सिंचाइका अभावमा बाँझिएका बारीहरुमा यतिबेला उखुखेतीले ढपक्कै बनेका छन् ।

छत्रकोट -४, दिगामका कृषक रामकृष्ण न्यौपानेलाई यतिबेला त्यही उखुबाट निस्किएको रसबाट गुड र खुदो उत्पादन गरेर बिक्री गर्न भ्याइनभ्याई छ । बिहान उज्यालो हुनासाथ बेलुकी अबेरसम्म पनि उनको परिवार गुड र खुदो उत्पादन गर्नमा ब्यस्त देखिन्छन् । गुड र खुदो बिक्री गरेर पाँच महिनाका अवधिमा न्यौपानेले झण्डै एक करोड रुपैयाँको कारोबार गरिसकेका छन् । गाउँबाट धेरै युवाहरु रोजगारीको खोजीमा भौतारी रहेको अवस्थामा छत्रकोट -४, दिगामका युवाहरु रामकृष्ण न्यौपाने, किरण न्यौपाने, जगदीश पाण्डे यतिबेला गाउँमै उखु खेतीमा रमाइरहेका छन् । उनीहरु तीनै जनाले संयुक्त रुपमा एक करोडको योजना बनाएर आफ्नै लगानीमा गाउँमै तीन वर्षदेखि व्यावसायिक तरिकाबाट उखु उत्पादन




गरेर उद्योग स्थापना गरेका छन् । त्यही उद्योगबाट यतिबेला गुड र खुदो उत्पादन गर्दै आएका छन् ।

उखुको रसबाट बनेको गुड र खुदो बिक्री गरेर तीन जना युवाहरु आर्थिक संमृद्धिको खोजीमा जुटन थालेका हुन् । उनीहरुले तीन सय रोपनी जग्गा भाडमा लिएर उखुखेती गर्न शुरु गरेका हुन् ।

गाउँमै उखु उद्योग स्थापना गरेर उनीहरुले उखुको रसलाई विविधिकरण गर्दै आएका छन् । आधुनिक मेशिनबाट पेलिएको उखुको रसलाई प्रशोधन गरि गुड र खुदोको ब्रान्डिङ् गरिएको छ । उनीहरुले कम्पनी मार्फत गाउँका एक सय २५ भन्दा बढी किसानहरुको उखु खरिद गरेर खुँदो र गुड उत्पादन गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्र गुल्मीले न्यौपालेलाई उखु प्रशोधनका लागि आधुनिक मेशिन र भट्टी निर्माणका लागि ६ लाख ४५ हजार अनुदान रकम उपलब्ध गराएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## मौद्रिक नीति सार्वजनिक

**पाल्पा, असार २७/** नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि मौद्रिक नीति सार्वजनिक गरेको छ । शुक्रबार राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले मौद्रिक नीति सार्वजनिक गरेका हुन् । ब्याजदर घटिरहेको सन्दर्भमा निक्षेपको वास्तविक ब्याजदर नकारात्मक हुन नदिनेतर्फ समेत नीतिमा ध्यान दिइएको छ । विदेशी मुद्रा सञ्चितिको अवस्था बलियो रहेको, ब्याजदर न्यून रहेको लगायत विद्यमान सहज परिस्थितिमा समग्र माग अभिवृद्धि गर्न मौद्रिक नीतिको कार्यदिशा केही लचिलो देखिन्छ । सजगतापूर्वक लचिलो नीति अवलम्बन गरिएको गभर्नर डा. विश्वनाथ पौडेलले बताए । दोस्रो वित्तीय क्षेत्र रणनीतिक स्वीकृत गरी कार्यान्वयनमा ल्याउने मौद्रिक नीतिमा उल्लेख छ । ब्याजदर करिडोरको माथिल्लो सीमाका रुपमा रहेको बैंकदरलाई छ प्रतिशत र नीतिगत दरलाई साढे चार प्रतिशत कायम गरिएको छ । यसअघि बैंकदर साढे छ प्रतिशत र नीतिगत दर पाँच प्रतिशत थियो । मौद्रिक नीतिमार्फत निजी आवासीय घर निर्माण तथा खरिद गर्नका लागि प्रवाह गरिने कर्जाको सीमा दुई करोडबाट बढाएर तीन करोड कायम गरिएको छ । पहिलो घर निर्माण वा खरिद गर्दा कर्जा-मूल्य अनुपात ८० प्रतिशतसम्म र अन्यको हकमा बढीमा ७० प्रतिशतसम्म कायम गर्न सकिने व्यवस्था गरिएको छ । व्यक्तिगततर्फको शेयर धितो कर्जाको सीमा १५ करोडबाट बढाएर २५ करोड पुऱ्याइएको छ । विदेश भ्रमणमा जाने नेपालीले बोक्न पाउने रकमको सीमा दुई हजार पाँच सय अमेरिकी डलरबाट बढाएर तीन हजार अमेरिकी डलर बनाइएको छ । चालु पुँजी कर्जासम्बन्धी मार्गदर्शनलाई कृषि, साना तथा घरेलु उद्योग, शिक्षा, स्वास्थ्य, खेलकुद, सञ्चार र मिडिया हाउस लगायतको व्यवसायको प्रकृति र कर्जा भुक्तानी-आम्दानी चक्रका आधारमा आवश्यकतानुसार परिमार्जन गरिनेछ । यसमा के कस्तो परिमार्जन गर्ने भन्ने स्पष्ट नभए पनि उल्लिखित क्षेत्रमा प्रवाह भएको चालु पुँजी कर्जालाई सुविधा दिइन्छ भन्ने हो । विद्यमान कर्जाको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था अध्ययन गरी आवश्यकतानुसार पुनरावलोकन गरिनेछ । यसमा के कस्तो परिमार्जन भन्नेबारे बोलिएको छैन ।

## रामपुर नगरको खर्च : वित्तिय प्रगति ८७ प्रतिशत

**पाल्पा, असार २७/** जिल्लाको रामपुर नगरपालिकाले ८७ प्रतिशत वित्तिय प्रगति हासिल गरेको छ । पालिकाले चालु आर्थिक वर्ष २०८१/८२ मा चालु र पुँजीगत गरी ८७ प्रतिशत वित्तिय प्रगति हासिल गरेको हो ।



यो गत वर्षको तुलनामा ६ दशमलव ३१ प्रतिशतले बढी वित्तिय प्रगति भएको नगरपालिकाका लेखा शाखा प्रमुख सीता न्यौपानेले जानकारी दिइन् । गत आर्थिक वर्ष २०८०/०८१ मा ८१ प्रतिशत वित्तीय प्रगति भएको थियो । चालु आर्थिक वर्षमा नगरपालिकाले कुल ७४ करोड ११ लाख ४ हजार वजेट विनियोजन गरेको थियो । जसमा ६४ करोड ७१ लाख ४ हजार ५ सय ७४ रुपैयाँ खर्च भएको छ । कुल बजेटको ८७ प्रतिशत खर्च भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले बताए । त्यसैगरी चालु आर्थिक वर्षमा पूँजीगत तर्फ १९ करोड १९ लाख १० हजार बजेट विनियोजन भएकोमा १५ करोड १६ लाख ३४ हजार ५ सय ७४ खर्च भएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## करछली गर्नेलाई कारवाही गर

पछिल्लो समय पाल्पासहित देशभर नै करछली गर्ने क्रम बढ्दो छ । खास गरी मधेस प्रदेशका जिल्लाहरूमा पछिल्लो समय कर छली गर्ने परिपाटी बढ्दै गएको तथ्यांकले देखाएको छ । गरिरहेको व्यापार व्यवसायमा समेत कम मुनाफा देखाउने, भन्सारबाट सामान आयात गर्दा न्यून बिजकीकरण, भ्याट छली, आयकर छली र करको दायरामै नआउने जस्ता परिपाटीले गर्दा राजश्व संकलन प्रभावित हुँदै गएको छ । सरकारले बारम्बार कर प्रशासनलाई चुस्त बनाउने प्रतिवद्धता जनाउँदै आए पनि, भन्सार छलीको मात्रा थप भयावह बन्दै जानु दुखद् हो । अहिले दैनिक रूपमा भन्सार नाकाहरूबाट छुटेका गाडीहरु समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । यसलाई रोक्न अहिलेसम्म कुनै विशेष पहल हुन नसक्नु दुर्भाग्य हो ।

राजस्व छलीमा कर्मचारीको समेत मिलेमतो हुने गरेको छ । यो हाम्रा लागि ठूलो दुर्भाग्य हो । सुशासन र पारदर्शीतासहितको व्यवस्थित प्रणालीको स्थापना हुन नसक्दा यहाँ जसले सके त्यसले लुट्ने अवस्था सिर्जना भएको छ । त्यस्तो खराब कामलाई दण्डित गर्ने निकायहरू आफैं लुट्ने कार्यमा संलग्न छन । यसो हुनु झनै दुर्भाग्यपूर्ण छ ।

आर्थिक विधेयक, २०८२ को दफा ३० मा समेटिएको विषयले मुलुकको कर प्रशासन, न्यायिक स्वतन्त्रता र वित्तीय अनुशासनमाथि गम्भीर प्रश्नहरू उठाएको छ । तर अचम्मको कुरा के छ भने, देशको ढुकुटीमा प्रत्यक्ष असर पार्ने यति संवेदनशील विषयमा सांसदहरू, जसले विधेयक पारित गर्ने जिम्मा पाएका छन्, उनीहरु सबै मौन छन् । 'कुलिङ अफ पिरियड' जस्ता प्रशासनिक विषयमा अडान लिँदै संसद् गुञ्जायमान हुन्छ तर त्यही संसद् करछलीमा संलग्न बहुराष्ट्रिय कम्पनीलाई सीधै फाइदा पुग्ने व्यवस्था विधेयकमा आउँदा भने चुप लाग्नु रहस्यमय देखिन्छ । कर तिर्ने नागरिकप्रति कठोर तर करछली गर्नेहरूप्रति उदार नीति ल्याउनु गलत हो । सरकारका निकायबाट नै राजस्व छली गर्ने वातावरण सिर्जना गरिनुले पनि यस्ता महाअपराधपूर्ण कार्य भएका छन् । यस्ता गलत कार्य गर्ने जो कोहीलाई पनि कडा भन्दा कडा कारवाही गर्न जरुरी छ ।

### Opinion @ Social Network

मेहेनत गर सफलताले सपना मात्रै होइन ,
टुटेका कैयौं सबन्धालाई पनि फिर्ता ल्याउन सक्छ ।
*(अनिशा थापाको फेसबुक स्टाटस https://www.facebook.com/anisha.thapa1001)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# समृद्ध बगनासकाली निर्माणका आधारहरु



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

**पृष्ठभूमि :**

पाल्पा जिल्लाका दश वटा स्थानीय तहहरु मध्ये एक हो बगनासकाली गाउँपालिका । ऐतिहासिक धार्मिक धरोहर बगनास देवी को 'बगनास' र उत्तरी सिमानालाई घेरेको प्रसिद्ध कालीगण्डकी नदी को 'काली' शब्द मिलाएर बनेको बगनासकाली नामाकरण आफैमा विष्टि र अनुपम पहिचान झल्काउने शब्द हो । साविकका चिर्तुङधारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाँउ, बराङ्दी र चापपानी गाविसका संयोगले बनेका ९ वडा सँगै यस पालिकाले मुर्तरुप पाएको देखिन्छ । पूर्वमा रम्भा गाँउपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालिगण्डकी नदी र दक्षिणमा माथागढी गाउँपालिकाले घेरिएको यस पालिकामा ८४ दमलव १६ वर्ग किलोमिटर क्षेत्रफल समेटिएको र करीव १८ हजार ४ सय ९७ जना जनसंख्या बसोबास गर्ने गरेको पछिल्लो तथ्याक रहेको छ । भौगोलिक विविधता, प्राकृतिक स्रोत साधनले भरिपूर्ण यस गाउँपालिका क्षेत्रफलको हिसावले पाल्पाको सबै भन्दा ठूलो स्थानीय तहको रुपमा रहेको र कृषि, पर्यटन, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्दै यस क्षेत्रका जनताको जीवनस्तर र दैनिकीमा सुधार गर्ने प्रसस्त सम्भावना साथ समृद्धिको लक्ष्य प्राप्तिको सुनौलो ढोका खोल्न सकिने देखिन्छ ।

**विषय परिचय :**

समृद्धिले आर्थिक पक्षसँग मात्रै जोडिएको विषय वस्तु हैन्, यसले विकास निर्माणका पूर्वाधारलाई मात्रै समेट्न सक्दैन् । यसले पालिकावासी जनताको मुहारमा हाँसोको खोजी गर्दछ र बन्ने अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना, नीति तथा कार्यक्रमहरु जनताको दैनिकी सुधारमा केन्द्रीत हुने कुरामा जोड दिने गर्दछ । यसले सक्रिय, विवेकी जनता र लगनशिल राजनीतिक नेतृत्वको आवश्यकताको खोजी गर्दछ । क्षेत्रफलको करीब ९५ % ग्रामिण क्षेत्र रहेको यस पालिकाको विकासका लागि बहुआयामिक योजनाका साथ अगाडि बढ्नु अपरिहार्य देखिन्छ । पाल्पाको सदरमुकाम देखि नजिक एकातिर सिद्धार्थ राजमार्गले अधिकाश भू-भागलाई समेटेको र अर्कोतर्फ कालिगण्डकी करिडोरले घेरिएको यस पालिकाले शिक्षा, स्वास्थय, पर्यटन, कृषि, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरि समृद्धिको आधार तय गर्ने प्रसस्त सम्भावना अगालेको देखिन्छ ।

**समृद्ध बगनासकालीका आधारहरु:**

भौगोलिक बनोट, प्राकृतिक स्रोत साधन र धार्मिक तथा ऐतिहासिक धरोहरले भरिपूर्ण यस गाउँपालिकामा विकास, रोजगारी तथा आर्थिक क्रियाकलापमार्फत समृद्धिको आधार तय गर्न सकिने प्रशस्त आधारहरु रहेको देखिन्छ । यहाँ केहि पक्षलाई प्रस्तुत गर्न खोजिएको छ ।

**क) पर्यटन :**

ऐतिहासिक रानीमहलको केहि क्षेत्र, खानीगाउँ, दैलातुङमा रहेको अन्नपूर्णश्वर ऐतिहासिक मन्दिर, बगनास देवी साथमा दृश्य अवलोकन गर्न सकिने बगनासे डाँडा, दर्लम महाकाली, रामनदी धाम राम्दी, नाचन डाँडा, बराङदीमा रहेको सिद्धबाबा मन्दिर र उक्त धार्मिक क्षेत्र, धातुको ठूलो मुर्ति रहेको शिवासन धाम, मालारानी मन्दीर र सतीका क्षेत्र, कालिगण्डकी करीडोर र कालिगण्डकी तट, जातीय, भाषिक र धार्मिक विविधता रहेको यस क्षेत्रमा आन्तरिक तथा बाह्य पर्यटकको आर्कषणको केन्द्रको रुपमा स्थापित गर्न सकिने, नयाँ पर्यटकीय क्षेत्रहरुको खोजी र विस्तार गर्न सकिने, होमस्टेको विकास र विस्तार गर्न सकिने । सम्भावना रहेकाले समृद्धिको आधार तय गर्न यस पक्षलाई प्राथमिकतामा राखि योजना तय गर्न जरुरी देखिन्छ ।

**ख) कृषि :**

भौगोलिक विविधता रहेको यस पालिकाले कालिगण्डकी तटका सबै भन्दा होचा र उर्वर भूमि देखि लिएर उच्च भू-भागलाई समेटेको देखिन्छ । यस भौगोलिक विविधता हेर्दा कृषिमा विविधतालाई अगालेर आत्मनिर्भर गाउँपालिका बनाउन सकिने आधार देखिन्छ । भौगोलिक रुपमा समथर भू-भाग दैलातुङ फाँट, माडिफाँटको गाउँपालिका सिमा भित्र रहेको भू-भाग, दर्पूकफाँट, चापपानीमा रहेको खहरेखोलाफाँट लगाएतलाई खाद्यन्न उत्पादनको पकेट क्षेत्र बनाई गाउँपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाउन सकिने देखिन्छ । उच्च पहाडी भू-भाग रहेका गाउँपालिकाका बन नजिक रहेका क्षेत्रहरुमा मौरीपालन विस्तार गरि मौरी तथा मह निर्यात गर्न सकिने देखिन्छ भने केहि उच्च भू-भागहरुमा आधुनिक खेतीहरु किवी खेती, एभोकाडो खेती, सुन्तला प्रजाती खेती, अगुँर खेती पकेट क्षेत्र नै बनाएर कृषि उत्पादन बढाउन सकिने आधार देखिन्छ । मासुजन्य बाख्रापालन, बगुरपालन, कुखुरापालनको पनि उतिकै सम्भावना र आधार रहेको देखिन्छ । सबै क्षेत्रहरुमा तरकारी उत्पादन गर्न सकिने देखिन्छ । दुधजन्य वस्तु उत्पादन गर्न र बढाउन सकिने देखिन्छ । स्थानीय सरकारले उत्पादित वस्तुको मूल्य निर्धारण तथा बजारीकरणको ग्यारेन्टी गरिदिने र वास्तविक किसानमा निगरानी र लगानी गर्न सकेमा यसबाट समृद्धिको आधार तय गर्न सकिने देखिन्छ ।

**ग) घरेलु तथा परम्परागत उद्योग:**

दैनिक हुने आयआर्जन तथा रोजगारीबाट समृद्धिको आधार तय हुने गर्दछ । यसका लागि पालिका भित्रका हरेक क्षेत्र र जनतालाई यसमा आवद्ध गर्नु पर्दछ भने यसका लागि हाम्रो परम्परागत उत्पादनलाई व्यवसायिकरण र आधुनिकतामा रुपान्तरण गर्नु पर्ने देखिन्छ । बगनासे साँचो, हसिँया, कुटो कोदालो, बासँबाट उत्पादन हुने सामानहरु, माटाबाट बन्ने वस्तुहरु तथा तामा फलामका ताउला ,गाग्री हाम्रा पालिकाका मौलिक उत्पादन हुन् । यीनलाई थप महत्व र प्रोत्साहन गरेर आर्थिक आय आर्जनसँग जोड्नु पर्ने देखिन्छ । गाउँपालिका भित्रका जनतालाई आवश्यक पर्ने दैनिक उपभोग्यका बस्तुहरु मसला, बेसार, सावुन, अगरबत्ती जस्ता वस्तुको उत्पादन पालिका भित्रनै गर्ने गरि योजना तय गर्ने । परम्परागत तरिकाले उत्पादन हुने घरेलु मादक पदार्थलाई आधुनिकरण गरि ब्राण्डीङ गर्ने र यसलाई रोजगारीसँग जोड्नु पर्ने देखिन्छ ।

**घ) हरीयो वनलाई जडिबुटीसँग जोड्नु पर्ने :**

गाउँपालिकाको सिमा भित्र सरकारी तथा उपभोक्ता समितिको स्वामित्वमा प्रसस्त हरियो बन क्षेत्र रहेको र त्यसलाई आयआर्जनसँग जोड्न सकेको देखिदैन् । भएका साल लगायतका बोट बिरुवाहरु कुहिदै जाने, दाउराको रुपमा मात्रै प्रयोग गर्ने तर काठ बाहिरबाट ल्याउनु पर्ने अवस्था देखिन्छ । यस पक्षमा सुधार गरि हरियो बनलाई पालिकाको आयआर्जनको स्रोतसँग जोड्ने नीति बनाउनुपर्ने देखिन्छ भने अर्कोतर्फ बनमा औषधि जन्य जडिबुटीको खेती गर्ने गरि स्वरोजगार र आयआर्जनसँग जोड्नु पर्ने देखिन्छ ।

**ङ) शिक्षा, स्वास्थ्य र सीपलाई जोड दिनुपर्ने :**

शिक्षा, स्वास्थ्य र सीप विकास कुनै पनि स्थान विशेषको समृद्धिको आधार हो । शिक्षित, स्वस्थ र सीप, तालिम, प्राविधिक ज्ञान भएका जनशक्ति भएन भने विकास र समृद्धिका कुरा कुरामा मात्रै सिमित रहने कुरामा दुईमत रहँदैन् । यस पक्षलाई ध्यान दिएर पालिकाले हरेक नागरिकलाई शिक्षा र स्वास्थ्यमा सुलवता हुने कार्यक्रम तय तथा घोषणा गर्नु पर्ने देखिन्छ भने स्थान विशेषको आवश्यकता र औचित्य हुने गरि सीप विकास कार्यक्रम तय गरि व्यवहारिकता दिन सकेमा समृद्धिको आधार तय गर्न सकिने देखिन्छ ।

**च) पूर्वाधारको विकास :**

गाउँपालिकाको समृद्धिको सबै भन्दा महत्वपूर्ण आधार पूर्वाधारको विस्तार हो । सडक, खानेपानी, विजुली जस्ता महत्वपूर्ण पूर्वाधारको निर्माण र विस्तारमा विशेष महत्व राख्दै समानुपातिक कार्यक्रम तय गर्नु जरुरी देखिन्छ । यस्ता पूर्वाधारको निर्माणमा लाभ- लागत विश्लेषण, जनसहभागिता जस्ता पक्षलाई जोड दिदै हामीले तयार गरेका पूर्वाधार आत्मनिर्भरता बढाउनेमा केन्द्रीत हुनुपर्ने देखिन्छ । पालिका भित्रका सडकमा घुइकिरहेका सवारी साधनले बाहिरवाट सामान भित्र्याउने मात्रै नभएर, पालिका भित्रबाट सामान बाहिर लाने वातावरण तयार गर्न सकेमा समृद्धिको आधार तय गर्न सकिने देखिन्छ ।

**समृद्ध बगनासकालीका चुनौतीहरु:**

उल्लेखित केहि समृद्धि बगनासकालिका केहि आधारहरु भएता पनि यसलाई मुर्तरुप दिने कुरामा केहि चुनौती पनि हामी सामु रहेका छन् ।

- भोगौलिक जटिलता ।
- सिमित आन्तरिक आम्दानीको स्रोत ।
- राजनीतिक एकताको अभाव ।
- तिव्र बसाँइ सराईको प्रवृत्ती ।
- उत्पादन योग्य भूमि बाँझो हुँदै जानु ।
- बजेटलाई कनिका छराई गर्नु पर्ने बाध्यता ।
- विद्यमान ऐन/नीति बाधक ।
- दिर्घकालीन सोच र योजना निर्माणमा कमी ।
- जनसहभागिता क्रमश हराउँदै जानु ।
-जनसंख्या र प्राविधिक जनशक्तिको अभाव ।

**समृद्ध बगनासकालीका लागि के गर्ने त ?**

- तिब्र बसाँई सराई रोक्नका लागि आवश्यक नीतिगत व्यबस्था गर्ने ।
- अत्यावश्यक विकास पूर्वाधारको निर्माण गर्ने ।
- शिक्षा ,स्वास्थ्यका कार्यक्रमलाई थप महत्व दिने ।
- जनताको दैनिकी र जीवनस्तर सुधार गर्ने कार्यक्रम तय गर्ने ।
- स्वरोजगारका अवसरहरु सिर्जना गर्ने ।
- 'स्थानीय स्रोत,स्थानीयबासीको अधिकार' नाराका साथ उपयोगलाई प्राथमिकता दिने ।
- पालिका भित्रका दुर्गम मानिने क्षेत्रलाई पालिका केन्द्रसम्म जोड्ने सडक मार्गको निर्माण गर्ने ।
- स्थानीय उत्पादनको बिक्री र मूल्यको ग्यारेन्टि गर्ने ।
- एक गाउँ एक उत्पादनको नारालाई मूर्तरुप दिने ।
- स्थानीय सहभागितामा योजना तय गर्ने ।
- परम्परागत र घरेलु उद्योगलाई सञ्चालन र विस्तार गर्ने ।
- एकिकृत योजना तय गर्ने ।
- एकिकृत र सुविधा सम्पन्न आवास योजनाका लागि दीर्घकालिन सोच बनाउने ।
- सीप र तालिम प्राप्त जनशक्ति तयार गर्ने ।
- पालिका भित्रका पर्यटकीय क्षेत्रको थप पहिचान र प्रचार-प्रसार गर्ने ।
-स्थानीय संस्कृति ,जातीय पहिचानलाई प्राथमिकतामा राखी होमस्टेका माध्यमद्वारा ग्रामीण क्षेत्रलाई आर्कषणको केन्द्रको रुपमा विकास गर्ने ।
- प्याकेजको घोषणा गरि गाउँ फर्क अभियान सञ्चालन गर्ने ।
- कृषि क्षेत्रमा सिंचाई तथा आवश्यक प्राविधिक जनशक्तिको सेवा विस्तार गर्ने ।
- खेल मैदान , पार्क ,व्यायमशाला ,योग शिक्षा ,प्रवचन , नैतिक र व्यवहारिक शिक्षाको विस्तार गर्ने ।

**निष्कर्ष :**

समृद्धिले जनताको मुहारमा हाँसो र दैनिकीमा सुधारको संकेत गर्दछ । यसका लागि बगनासकाली गाउँपालिकाका दुई निर्वाचित सरकारहरु आफ्नो सिमित स्रोत र साधनकाबिच सक्रिय र सफल रहेको विश्लेषण गर्न सकिन्छ । पालिकाको वास्तविक अवस्थाको पहिचान विना र स-साना थोरै बजेटका कनिका छराई योजनाले समृद्धिको लक्ष्य हाँसील गर्ने कुरामा चुनौती थपिदिएता पनि जनसहभागिता, पारदर्शिता र सुशाशनलाई आत्मसाथ गर्दै, विवेकी जनता र लगनशिल राजनीतिक नेतृत्व भएमा उपयुक्त योजना, नीति तथा कार्यक्रम मार्फत "सुखी र खुशी जनता बस्ने समृद्ध बगनासकाली" एक दिन अवश्य बनाउन सकिने देखिन्छ । ***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : व्यापारमा मनग्य लाभ आर्जन गर्न सकिनेछ। घरपरिवारबाट सहयोग मिल्नेछ। | **तुला** : धकारीहरूबाट प्रशंसा पाइएला। हात लिएको काममा आलस्य नदेखाउनुहोस्। |
| **वृष** : कृषिबाट लाभ आर्जन गर्न सकिनेछ। खानपानमा विशेष ध्यान दिनुहोला। | **वृश्चिक** : कार्यक्षेत्रमा नयाँ कार्य हात लाग्नेछ। श्रमको उचित प्रतिफल लिन संघर्ष गर्नुपर्ला। |
| **मिथुन** : मानसम्मानमा वृद्धि हुनेछ। कार्य सिद्ध हुनाले मनमा उत्साह जाग्नेछ। | **धनु** :कर्मक्षेत्रमा मानसम्मान बढ्नेछ । पेशामा योजनाहरू गोप्य राख्नुहोस् । |
| **कर्कट** : मनमुटाव रहन सक्छ। पेशामा अतिरिक्त जिम्मेवारी वहन गर्नुपर्ला। | **मकर** : यात्रा लाभदायक रहनेछ। कार्यक्षेत्रमा सहयोगी वर्गहरूबाट सहयोग मिल्नेछ। |
| **सिंह** : जिम्मेवारी स्वयं वहन गर्नुहोला। व्यापारमा अरुको कुरा सुन्न आज उपयुक्त रहनेछ। | **कुम्भ** : धर्मकर्ममा रुचि बढ्नेछ। विश्वास नलागेको काम सम्म बन्न सक्छ। |
| **कन्या** : कानुनी पक्ष सबल रहनेछ। पुरानो कुरालाई लिएर परिवारमा मनमुटाव हुन सक्ला। | **मीन** : व्यवसायमा लाभ रहनेछ। थप लगानीको लागि उपयुक्त समय रहेको छ। |

# साहित्य दर्पण

कथा — सुजित रेगामी

## सोझो छोराको विदेश जाने सपना !

नेपालको ग्रामीण गाउँ गोल्दार, जहाँ बिहानको घाम पहाडमाथिबाट मुस्कुराउँछ र बेलुकाको हावा आफ्नै लोकगीत जस्तो सुस्त चल्छ। यही गाउँको एउटै सपना हो– विदेश जाने ।

जो विदेश जान्छ, ऊ गाउँको हिरो बन्छ । उसको घरमा टिनको छानाबाट ढल्केर सिमेन्ट आउँछ, पुरानो रेडियो साटिएर एलइडी टेलिभिजन आउँछ अनि गउँतको गन्ध साटिएर डियोडोरन्टको सुवास आउँछ । यही सपना बोकेर हिँडेको थियो दीपक । गाउँको आम केटाजस्तै उसले पनि १२ कक्षापछि जागिर खोज्ने हैसियत थिएन, न त थप पढ्ने पैसा । बुबा रामबहादुर किसान, आमा लक्ष्मी माइती सम्झेर आँखा ओभाएका थिएनन् । भाइबहिनी साना थिए। घरको छाना चुहिएको थियो, खेतमा मल हाल्न धान बेच्नु पर्थ्यो। यस्ता परिस्थितिले गर्दा दीपकका लागि विदेश भनेको एउटा भाग्य बदल्ने जादुजस्तो थियो ।



जो विदेश जान्छ, ऊ गाउँको हिरो बन्छ । उसको घरमा टिनको छानाबाट ढल्केर सिमेन्ट आउँछ, पुरानो रेडियो साटिएर एलइडी टेलिभिजन आउँछ अनि गउँतको गन्ध साटिएर डियोडोरन्टको सुवास आउँछ । यही सपना बोकेर हिँडेको थियो दीपक । गाउँको आम केटाजस्तै उसले पनि १२ कक्षापछि जागिर खोज्ने हैसियत थिएन, न त थप पढ्ने पैसा । बुबा रामबहादुर किसान, आमा लक्ष्मी माइती सम्झेर आँखा ओभाएका थिएनन् । भाइबहिनी साना थिए। घरको छाना चुहिएको थियो, खेतमा मल हाल्न धान बेच्नु पर्थ्यो ।

दीपक पढाइमा सामान्य थियो तर उसमा आत्मा थियो– उसको आँखा सधैँ केही पर्खिरहेको जस्तो देखिन्थ्यो । जब ऊ गाउँको चोकमा आएको देखिन्थ्यो, साथीहरू सोध्थे - 'के खबर छ ? कता जाने सोच छ ?'

ऊ भन्थ्यो, 'दुबई जान पाए जिन्दगी सिग्नेचर गरिन्छ ।' त्यही बेला गाउँमा आइपुगे अर्जुन भन्ने मान्छे । सुटबुट, बाइक अनि मुखमा विदेशी भाषाको गन्ध । उसले भन्यो– 'छ महिनाको भिसा छ, मलेसियामा जागिर पक्का। होटेलमा काम, खान बस्न कम्पनीको हो, तलब ६० हजार, दु:ख छैन, घाम छैन ।'

अर्जुनले चिल्ला कुरा गरे । दीपकको मनमा एक्कासि सपना झनै प्रगाढ भयो । भोलिपल्ट बुबासँग भन्यो, 'बा, म पनि जान्छु । म पनि अब घरको जिम्मा लिन्छु ।' रामबहादुर मौन भए, लामो सास ताने अनि भने, 'तँलाई केही भयो भने ? यो त कागज नभएको बाटो हो बाबु । तर तेरो भविष्यको लागि जे सकिन्छ गरौँला ।' अर्जुनले भनेको खर्च थियो ८ लाख रुपैयाँ । घरमा जम्मा भएको रकम थियो २ लाख । बाँकी ऋण त एक ठाउँबाट लिनुपर्छ । बुबाले दुई रोपनी खेत धितो राखे । आमा लक्ष्मीले बिचार गरिन्, 'हाम्रो सोझो छोरा केही बनोस् भने के गर्दैनौँ र ?'

गाउँले काकाहरूको सल्लाहमा पैसा जुट्यो । दीपकको मनमा खुसी थियो– उपन्यासको पात्रजस्तो ऊ नयाँ अध्याय लेख्न हिँडेको थियो । उड्ने दिन आयो । गाउँले सबै छक्क परे, 'दीपक त विदेश हानिएछ !' काठमाडौँ पुगेर मेडिकल, भाषा टेस्ट, ट्रेनिङ सबै भयो । भिसा भनेर दिएको कागज अंग्रेजीमा थियो, ठ्याक्कै के लेखिएको थियो उसलाई थाहा थिएन । अर्जुनले भन्यो, 'टिकट भोलिपल्ट आउँछ, अहिले होटेलमा बस ।'

हप्ता बित्यो, फेरि अर्को हप्ता । अर्जुनले फोन उठाउन छाड्यो । एजेन्टको अफिस बन्द, होटेलको बिल बढ्दै गयो । पैसा सकिन थाल्यो । दीपक डरायो । एक दिन होटेलवालाले भन्यो, 'तपाईंलाई बस्न नदिने भनिएको छ । पैसा छैन भने बाहिर जानुहोस् ।'

त्यो रात उसले सडकको कुनामा सुत्यो । टाउकोमुनि झोला, आँखामा आँसु । बुबा-आमा सम्झियो । 'म सोझो थिएँ, तर यस्तो धोका पनि हुन्छ भनेर थाहा थिएन ।'

कसैले उकासेर वैदेशिक रोजगार विभाग गयो । त्यहाँ बुझ्दा थाहा भयो– अर्जुनको नाममा कुनै मान्यता प्राप्त संस्था छैन, न उसको कामको प्रमाण ।

मोबाइल, गुमेको सपना र थिचिएको आत्मा बोकेर दीपक गाउँ फर्कियो । गाउँको चोकले पहिलेझैँ स्वागत गरेन, साथीहरूको हाँसो तिरस्कारमा बदलिएको थियो । आमा लक्ष्मीले आँसु पुछ्दै भनिन्, 'तँ फर्किइस्, यही पुग्छ । जिन्दगी त अझ बाँकी छ ।' दीपकले केही दिन एक्लोपनमा बितायो । त्यसपछि नजिकैको सहरमा जागिर खोज्यो । एउटा मोटरसाइकल मर्मत गर्ने वर्कसपमा सहायकको रूपमा काम पायो । महिनाको १२ हजार तर आत्मसम्मान थियो । कसैले सुझाव दियो– लोकल रेडियोमा वैदेशिक रोजगारबारे प्रोग्राम छ, सुन्नु । त्यहीँबाट थाहा भयो वैदेशिक रोजगारमा कस्ता कस्ता ठगी हुने गर्छन्, के प्रमाणपत्रहरू हेर्नु पर्छ, कसरी सरकारी अनुमतिबिना पैसा बुझाउनु हुँदैन । एक दिन रेडियो वालाले फोन गरे– 'तपाईंको कथा अरूलाई चेतावनी दिन सक्दछ। भन्नुस्, कार्यक्रम आउनुहोस् ।' **दीपकले पहिला हिचकिचायो तर अन्तत:** सहमत भयो । रेडियो कार्यक्रममा उसले सबै कुरा भन्यो– आफ्नो सपना, ठगिएको यथार्थ र फेरि उठ्ने प्रयास । कार्यक्रमपछि गाउँमा फेरि एक पटक उसको चर्चा भयो– तर अबको कुरा गर्वको थियो । आज दीपक एउटा प्राविधिक तालिम केन्द्रमा मेकानिक्स सिकाउने प्रशिक्षक बनेको छ । उसले कहिल्यै विदेश जान पाएको छैन तर उसले धेरै युवालाई ठगीबाट बचाएको छ ।

उसले भन्छ, 'सपना देख्नु गलत होइन तर त्यो सपना कसले बेचिरहेको छ भनेर बुझ्नु पर्छ । हामीजस्ता सोझा युवालाई जालमा पार्न सजिलो हुन्छ । तर होसियार बनौँ ।'

वैदेशिक रोजगार विभागका अनुसार हरेक वर्ष झन्डै ५० हजार नेपाली युवा ठगिने जोखिममा पर्छन् । २०२४ को रिपोर्टअनुसार ७२ प्रतिशत ठगीका घटना एजेन्टमार्फत भएका छन् जसले न त म्यादी अनुमति लिन्छन्, न त पारदर्शिता राख्छन् । वैदेशिक रोजगारमा जानेमध्ये करिब ३० प्रतिशतले सोचेजस्तो तलब पाउँदैनन् ।

दीपक सोझो थियो, सपना देख्न डराएको थिएन । तर उसको गल्ती थियो– त्यो सपना कसको हातबाट किनिरहेको छु भनेर बुझेन । आज ऊ आवाज बनेको छ, चेतावनी बनेको छ। हजारौँ दीपकहरू अझै अर्जुनजस्ता दलालको फन्दामा नपरुन् भन्ने उसको चाहना हो ।

देश नबनेसम्म विदेश जाने सपना त हुन्छ नै तर त्यो सपना पक्की बाटो भएर पूरा होस्। नत्र सपना होइन, सपनाको सौदा हुनेछ जसको मूल्य केवल आँसु र पछुतो हुनेछ ।

*-सेतोपाटी डटकम*

निबन्ध — ज्ञानेन्द्र विवश

## सेवक, सेवाग्राही र समाज


हामी व्यस्त कर्मचारी । आर्थिक वर्ष सकिने महीना 'असार पन्ध्र किसानलाई के होला र ! हामी कर्मचारीले कामको चाप भोग्नुपर्छ । घामले पसिनाको धारा बगे पनि, पानीले निस्लोट चुटेर जिउज्यान पानी-पानी भएर पनि सास फेर्ने फुर्सद पाइँदैन । त्यसमाथि कम कर्मचारीले प्रशासनिक काम धान्नुपर्दा सेवाग्राहीले सेवा समयमा पाउँन सक्दैनन् । 'नेटवर्क'को ढिलाइले झन् 'आगोमा घिउ' थपिदिन्छ । निरीह कर्मचारीले के मात्रै गर्नु, कतातिर आँखा लगाउनु, कुन कामलाई प्राथमिकतामा राखेर मुख खोल्नु, काम गर्नु ?

हामीलाई फुर्सदमा गफिने समय मिल्दैन । यसो मीठो खाजा खान कतै रेस्टुरेन्टमा पुग्न पाइँदैन । सेवाग्राहीको चित्त दुख्न थालिहाल्छ । कर्मचारीको गुनासो माथिसम्म पुगिहाल्छ । सेवा लिन जाँदा सम्बन्धित कर्मचारी कुर्सीमा 'नभेटिएको' उजुरी परिसक्छ । भेटिँदा गुनासो, दबाब र कामको चापले चिथोर्नसमेत बाँकी राख्दैनन् । हुने काम भइहाल्छ । नहुने कामको जिद्दी गरेर हैरान पार्ने सेवाग्राहीले मासु खान, रगत चुस्नसम्म बाँकी राख्दैनन् । हेर्दा, बुझ्दा र देख्दा वडा कार्यालय भन्नु सेवाग्राहीकै सेवाप्रदायक निकाय हो । त्यसमा पनि सरकारले प्रदान गर्ने सेवा, सुविधालाई जनताको सबैभन्दा तल्लो तहसम्म पुगेर सेवा गर्ने दायित्व भएको कार्यालय हो । तर विचरा कर्मचारी ! को दक्ष, को अदक्ष, कति अधिकार, कति कर्तव्य ? जिम्मेवारी दिएर मात्र हुँदैन । कर्तव्य तोकेर मात्र पुग्दैन । अधिकार सम्पन्न पनि बनाउनुपर्छ । जिम्मेवारी पूरा गर्नुपर्ने नीति बनाएपछि उसका लागि केही थप सुविधा र मूलत: बलियो अधिकार प्रत्यायोजन गरिनुपर्छ । 'काम गर' बनेर नियम बनाउँदा कानूनले बन्देज गरेर कुँजो पारेको हेक्का पनि राख्नुपर्छ । अधिकार दिएको छ । तर, कानूनले बाँधेको कुरा सेवाग्राहीलाई के मतलब ! सेवाग्राहीका लागि चुस्तदुरुस्त सेवाप्रवाह, सेवक, सेवाग्राही र समाजको मानसिकता, कार्यक्षमता अभिवृद्धि, वडामा राजश्व अभिवृद्धि विषयक अलग-अलग अभिमुखीकरण कार्यक्रममा विज्ञहरूबाट तालिम दिइन्छ, सिकाइन्छ, बुझाइन्छ । तर, ती कुरा व्यवहारमा लागू गर्न कहाँ सकिन्छ र ? कानून एकातिर, काम अर्कोतिर । सेवाग्राहीको माग साँचो होला तर सक्कली कागज अनिवार्य हुन्छ । चिनेर मात्र भएन । बलियो कागजी प्रमाण चाहिन्छ । ऐननियमको परिधिमा रहेर कर्तव्यपालना गर्दागर्दै पनि कतिले फँसाउन खोज्छन् । कति फकाएर फाइदा लिन चाहन्छन् । जुन सेवाग्राहीसँग काम पूरा गर्नका लागि पर्याप्त प्रमाणहरू छैन भने उसले नाता लगाएर, शक्ति देखाएर, सम्बन्ध घनिष्ट पार्न खोजेर आफ्नो काम फत्ते पार्ने अनेक दुष्प्रयास गर्छ । यतिले पनि काम नहुने छाँट देखेपछि ऊ उदण्ड रूपमा पेश हुन थाल्छ र भन्छ- 'हामी सेवाग्राहीको काम गर्न बसेका तपाईंहरू सेवक होइन ? सेवक भएपछि सेवाग्राहीको काम गरिदिनु पर्दैन ?' वास्तवमा हाम्रो समाजको मानसिकता, सोचाइ, बोलाइ र व्यवहार यति अलोकप्रिय हुँदैछ कि आफूले चाहेको काम भएन भने जे पनि गर्न अग्रसर हुन थाल्छ । यसलाई राजनीतिले पनि प्रश्रय प्रदान गरिदिएको छ । त्यसैले त्यस्ता सेवाग्राही अलि ठूलो स्वरमा राष्ट्रसेवकलाई थर्काउन तयार हुन्छन् । यसबाट हाम्रो समाजको अवस्था बोध हुन्छ । 'सेवाग्राही'कै काममा 'सेवक' व्यस्त । परिवार, कार्यक्रम, योजना, आयोजना सबै बिर्सिनुपर्छ । स्याबासी कम, गाली, गुनासोका चाङमा 'चचहुईं' गर्दै सेवाग्राहीका काममा हरपल हामी । तैपनि कतिका चित्त बुझाउनु, कतिलाई रिझाउनु, कतिसँग तर्किनु, झर्किनु, मस्किनु, नजिकिनु र टाढिनु ! कुनै पनि सेवकका लागि सेवाग्राही सबै समान हुन् । तर कहिलेकाहीँ मुस्कानसहितको बोलीले पनि 'दु:ख' पाइने । कहिले अलि ठूलो स्वर-संवादले पनि 'जस' नपाइने । नबोल्यो भने हेप्ने, बोल्यो कि पोल्यो हुने । नमिल्ने काम लिएर आउनेहरूको स्वरै ठूलो हुन्छ । डाँकोले सात्तो खाएर काम लिन खोज्नेहरू हुन्छन् । कहिले उही 'मिजास'ले हुने । कहिले त्यही मिजास 'अपजस'को भागिदार बन्ने । कतिलाई मनपर्ने, कतिलाई बिझाउने । कतिलाई कुरा बुझाउनु, कतिलाई माया गर्नु, कतिलाई गाली गर्नु ! माया पाउनु 'कम' र गाली खानु 'धेरै' हुन्छ । यद्यपि हाम्रो काम कसैलाई खुशी र कसैलाई दु:खी पार्न कदापि होइन, र हुँदैन । काखा र पाखाको शैलीबाट मुक्त । हुने काम भए तुरुन्तै गरिदिने, त्यहाँ आलटालको प्रश्नै छैन । नहुने कामको प्रकृति हेरेर प्रक्रिया अगाडि बढाउने । जे होस् सेवाग्राहीको सेवामा दत्तचित्त । किनभने हामी जनतासँग एकदमै निकट रहेर काम गर्ने सबैभन्दा पीडित, पिछडिएको तथा 'तल्लो तह'को 'स्थानीय सरकार' हौँ । कतिपय सेवाग्राहीको स्वभाव बुझ्नै नसकिने । सेवाग्राहीहरूसँग न त नजिक न त टाढा दूरी ? बराबर दूरी, बराबर सेवा । जुन सेवाग्राही भए पनि हामीलाई काम ठूलो, सेवा ठूलो, नम्र बोली र व्यवहार हाम्रो । यद्यपि यी सबैबाट मुक्त, उन्मुक्तिको अविष्मरणीय पल । वडाका व्यस्त कर्मचारी समयको नांगो खुट्टामा जीवनको धून सुसेल्दै गालामा हात राखेर टोलाउन वा मुखभरिको जवाफले मुखबुजो पार्न हुँदैन । कार्यालयको साँघुरो सानो कार्य कक्षमा, प्रत्येक दिन समयको त्यही नांगो खुट्टाले हामीलाई डोऱ्याउँछ । बिहान घडीको टिक-टिकसँगै शुरु हुने यो यात्रा, कहिले घामको रापसँगै पग्लिन्छ त कहिले साँझको मधुरो उज्यालोमा आफैँसँग हराउँछ । जागिर मात्र होइन, यो एउटा जीवन हो । यहाँ हरेक दिन नयाँ अनुहारहरू आउँछन् । पुराना टोलबासी आएर नयाँ कथाहरू सुनाउँछन् । ढलजामको उही पुरानै समस्या । घरझगडाले ल्याएको फाटोको उही तनाव । फोहोर उठेन । पानी आएन । बत्ती बलेन । बूढाले पिट्यो । छिमेकीले बाटो दिएन । छिमेकीको कुकुरले फोहोर गरिदियो । जँड्याहरूले हल्ला गरेर सुत्नै दिएनन् । पार्किङ् गर्ने ठाउँ भएन । कोठा छोडेर डेलावाला भाग्यो । सहकारीले पैसा खायो । ऋणिले ऋण तिरेन । यति मात्र होइन । कोही जन्मको खुशी लिएर आउँछन् । कोही विवाहको हर्ष बोकेर आउँछन् । पनि आउँछन् । कोही मृत्युको पीडा बोकेर वडा कार्यालय नै धाउँछन् । कसैलाई सिफारिसको हतार हुन्छ । कसैलाई नागरिकताको सपना । जो आउँछन् विना काम फर्किंदैनन् । तर, जो जससँग आवश्यक कागजात हुँदैन तिनको काम विलम्ब मात्र होइन नहुन पनि सक्छ । यी सबैसँग जोडिएर काम गर्दा लाग्छ, हामी केवल कागजका पानाहरूमा हस्ताक्षर गरिरहेका छैनौँ । बरु मानिसहरूको जीवनको हरेक मोडमा साक्षी बसिरहेका छौँ । हाम्रा अक्षर र हाम्रा हस्ताक्षरहरूले ती सेवाग्राहीहरूको जीवनमा केही सजिलो भयो कि भएन, सहयोग पुग्यो कि पुगेन ? तर, उसले सोच्दैन । सोच्ने आवश्यकता ठान्दैन । किनभने हामी सेवक हामीले नाकले टेकेर भए पनि तिनको सेवा गरिदिनुपर्छ । कुनै दिन एउटी अशक्त वृद्ध आमाले पाएको भत्ता रकम हातमा लिँदाको निर्दोष खुशीले मन हलुका बनाइदिन्छ । कुनै दिन काम नबनेको झोँकको बेस्वाद बोली खानुपर्छ । सेवाग्राहीको अनुचित आक्रोशले मुटु पोल्छ । कहिले एउटा सेवाग्राहीको चित्त बुझाइमा अलिकति आनन्द भेटिन्छ । कहिले अप्ठ्यारोमा परेको व्यक्तिलाई दिएको सानो सल्लाहले उसको आँखाको आँशुले मन भिजाउँछ । वास्तवमा यी सबै अनुभवहरू हाम्रो मस्तिष्कमा केवल घटना बनेर बस्दैनन् । कहिले ती घाउ बन्छन् । कहिले ती मार्ग प्रशस्त गर्न प्रेरणादायी पल बनिरहेका हुन्छन् । तिनले मनमा गहिरो छाप छोड्छन् । मलाई लाग्छ, हामी एउटा ठूलो नाटकका पात्र हौँ, जहाँ हरेक दिन नयाँ दृश्यहरू मञ्चन भइरहन्छन् । कहिलेकाहीँ कामको चाप यति बढ्छ कि सास फेर्ने फुर्सद पनि हुँदैन । फाइलका थुप्राहरू, तोक, आदेश, टिप्पणी सदरको पखाईमा हुन्छन् । कार्यालय समय अगावै लगातार फोनका घन्टीहरू । थोरै आवश्यक, बढी अनावश्यक दुखेसो र गुनासोका गनगनहरू ।घरझगडा, सम्बन्धविच्छेद र घटनादर्ताका सन्दर्भहरू । कसैको आमाको पत्तो हुँदैन । कसैको बाबुसँग नाता खुल्ने कागज हुँदैन । बालिग भएपछि नागरिकता चाहियो । त्यसका लागि बाबुआमाको कुनै प्रमाण नहुँदा समस्याले सेवकलाई हैरान पार्छ । यस्तोमा चिनेर वा नाता भनेर भएन । काम पूरा गर्न कागजले बोलिदिनुपर्छ । कागज नै नभएपछि सेवाग्राहीका माग सेवक्ले कसरी पूरा गरिदिने ? तर, समाजले यो कुरा बुझिदिँदैन । गल्ती सेवककै ठान्छ । किनभने सेवक यही कामकै लागि सरकारको तलब खाएर बसेको छ भन्ने मान्यता स्थापित छ । यस्ता अनेकौं कामका लागि सेवाग्राहीको उस्तै भीड सधैँ हुन्छ । कार्यालयको ढोका खुलेको हुँदैन मान्छे आइसकेका हुन्छन् । आउना साथ काम नभएर केही समय पर्खिनुपर्ने हुन्छ । तर, धैर्य हुँदैन । घडी हेर्दै, छटपटिँदै अधैर्यले सीमा नाघ्ने तयारी हुन्छ । यता कर्मचारीलाई कहिले जाममा परेर अलिकति ढिलो हुन्छ । कहिले कुनै मिटिङमा उपस्थित भएर फर्किंदा केही समय लाग्छ । कहिले घरायसी काम परेर अनुपस्थित पनि हुनुपर्छ । ढोका बाहिर सरकारी कर्मचारीको ढिलासुस्तीको कानेखुशी हुन थालिसकेको हुन्छ । यो सबैलाई व्यवस्थापन गर्दा लाग्छ, हामी कुनै दौडमा छौँ, जहाँ गन्तव्य कहिल्यै भेटिँदैन । तैपनि, दिनको अन्त्यमा, जब एउटा मुस्कान लिएर कोही फर्कन्छ, तब लाग्छ- हाम्रो मिहिनेत खेर गएन । त्यही सानो खुशीले हामीलाई अर्को दिनको लागि ऊर्जा दिन्छ । यो व्यस्तताका बीचमा पनि हामी आफैँलाई भुल्दैनौँ । दिनभरि कामको बोझ बिसाएर साँझ घर फर्कने बेलाको शान्त एक्लोपल । यी सबैले हामीलाई जिन्दगीको वास्तविक धून सुनाउँछन् । वडा कार्यालयको यो पर्खालभित्र हामी केवल कर्मचारी मात्र होइनौँ, हामी एउटा परिवार हौँ । एक-अर्काको सुख-दु:खमा साथ दिने, सल्लाह दिने, सुझाव लिने र हातेमालो गर्ने । आजको दिन पनि बित्यो । भोलि फेरि समयको नयाँ प्रवाह शुरु हुने छ । नयाँ चुनौतीहरू आउनेछन् । नयाँ कथाहरू जन्मिने छन् । हामी फेरि त्यही समयको नांगो खुट्टामा हिँड्ने छौँ, जीवनको लयमा । हो, हामी वडाका व्यस्त कर्मचारी–सपना र यथार्थको दोसाँधमा उभिएका, जनताको सेवामा समर्पित र आफ्नो अस्तित्वको अर्थ खोज्ने अनवरत यात्री । जति काम गरे पनि नदेखिने । जतिसुकै सेवा पुऱ्याए पनि सन्तुष्टि दिन नसकिने । जहिल्यै उस्तै र उही कामको प्रकृति । कहिल्यै आरामको दैनिकीमा मज्जाले हिउँदे घाम ताप्न नपाइने । गर्मी छल्न पंखाको चिसो खानुपर्ने बेलामा सेवाग्राहीको 'डेलिगेसन'ले खल्खली हुनुपर्ने । यस्तो कर्मचारी 'कामचोर' हुन सक्दैनन् । यस्तो कर्मचारी 'घुसखोर' पनि हुनै सक्दैन । तर, यस्तो कर्मचारीले कहिल्यै पुरस्कार र सम्मान पाउँदैनन् । न 'खान' जानेका हुन्छन् । न त 'खुवाउन' नै सक्छन् । काममा कार्यालय आऊ, काम सकेर घर फर्क । बस् !

*-साहित्यपोष्ट डटकम*

## सरकारसँग ६ बुँदे सहमति

# खुले सुनचाँदी पसल




**पाल्पा, असार २७**/सरकारसँग ६ बुँदे सहमति भएपछि बन्द सुनचाँदी पसल खुलेका छन् । शुक्रबारदेखि पाल्पासहित देशभरका सुनचाँदी पसल खुलेका हुन् ।

विहीबार सरकारसँग ६ बुँदे सहमति भएपछि व्यवसायीहरुले आन्दोलन स्थगित गरेका छन् । विरोधका कार्यक्रम स्थगित गरिएकाले शुक्रबारदेखि नियमित रूपमा पसल खुला भएको नेपाल सुनचाँदी व्यवसायी संघ पाल्पाका महासचिव प्रविणराज शाक्यले जानकारी दिए ।

सरकारले आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत् सुनको कारोबारमा दुई प्रतिशत विलासिता कर र हीराजडित गहनामा १३ प्रतिशत भ्याटको व्यवस्था गरेपछि देशैभरका सुनचाँदी व्यवसायीहरु आन्दोलनमा उत्रिएका थिए । कर र भ्याटले उपभोक्ता र व्यवसायी दुवैलाई असर पर्ने भन्दै फिर्ताको माग गर्दै व्यवसायीहरू एक महिनादेखि आन्दोलनमा थिए । उनीहरुले पसल बन्द गरेकाले सुनचाँदीको भाउ समेत तोकिएको थिएन । विहीबार अर्थ मन्त्रालयमा भएको वार्तामा व्यवसायीका माग सम्बोधन गर्न एक कार्यदल गठन गर्ने र विलासिताको परिभाषाभित्र राखिएको सुन तथा सुनका गहनाको सन्दर्भमा आवश्यक अध्ययन गरी पुनरवलोकन गर्न सिफारिस गर्ने सहमति भएको छ । यस्तै सुनचाँदीको बिक्रीवितरणमा देखिन आएको तहका सन्दर्भमा स्पष्ट व्यवस्था मिलाउने, स्थानीय सुनचाँदी तथा रत्न आभूषणको सहज पहुँच हुने गरी नजिकको व्यापारिक केन्द्रबाट सुन आयात गर्ने, वाणिज्य बैंकबाटै सुन उपलब्ध हुने गरी सुन आयात तथा बिक्रीवितरणसम्बन्धी कार्यविधि, २०६८ प्रभावकारी कार्यान्वयन गर्ने र आवश्यकता अनुसार संशोधन गर्नेलगायतका विषयमा सहमति भएको महासंघले जनाएको छ । महासंघका अनुसार व्यवसायीका समस्या समाधान एवं कर र भ्याटका विषयमा अध्ययन गर्ने कार्यदलको सचिवालय अर्थ मन्त्रालय राजस्व व्यवस्थापन महाशाखामा रहने सहमति समेत भएको छ । सहमति कार्यान्वयन नभए पुन: सशक्त आन्दोलनमा उत्रिने महासंघले जनाएको छ । सहमतिपछि नेपाल सुनचाँदी व्यवसायी महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल सुनचाँदी व्यवसायी तथा कालिगढ संघर्ष समितिबाट चालिएका आन्दोलन, अनशन र संघर्षका कार्यक्रमहरू स्थगन भएका छन् ।

# बाँझो बारीमा उखुखेती...

...उक्त अनुदान रकममा थप गरेर उनीहरुले १२ लाख भन्दा बढी लगानीमा उखु प्रशोधनका लागि मेशिन जडान गरेका छन् । उक्त मेशिनबाट प्रति घण्टा २५ क्वीण्टल उखु पेल्न सक्ने क्षमता रहेको उद्योगका सञ्चालक रामकृष्ण न्यौपानेले बताए । कम्पनीमा उखुको रस प्रशोधन गरेर दैनिक खुदो र गुड बनाउने काम भेरहेको छ । यसरी बनाएको गुड प्रतिकिलो तीन सय रुपैयाँ र खुदो प्रतिलिटर एक सय ८० रुपैयाँ मुल्य पर्दछ ।

गाउँले ग्रुपको उद्योगमा हाल १५ जना व्यक्तिहरु प्रत्यक्ष रुपमा रोजगारीमा जोडिएका छन् । गाउँमै उखुबाट समृद्धि खोज्न थालेका न्यौपानेले कम्पनीमार्फत पाँच महिनाको अवधिमा एक करोड मुल्य भन्दा बढीको गुड र खुदो बिक्री भैसकेको बताए । उनले भने, "बजारमा दिगामको गुड र खुदोको माग धेरै आउने गरेको छ, राम्रो गुणस्तरको भएरहोला उपभोक्ताहरुले पनि खोजी खोजी लैजाने गर्नुहुन्छ, कहिलेकाहीं काग धेरै भएको समयमा हामीलाई मागल पुऱ्याउन पनि धौधौ पर्दछ ।" कृषि ज्ञानकेन्द्र गुल्मीका बरिष्ठ बालि संरक्षण अधिकृत प्रकाश मरासिनीका अनुसार यस वर्ष जिल्लामा पाँच करोड ७० लाख बराबरको गुडखुदो बिक्री भैसकेको बताए ।

जसअनुसार जिल्ला भित्र दुई करोड बराबरको खपत भएको छ भने तीन करोड ७० लाखको गुडखुदो बाहिर निर्यात भएको बताइएको छ । जिल्लाको छत्रकोट र रुरुक्षेत्रमा एक सय ९६ हेक्टर क्षेत्रफलमा कृषकहरुले उखु खेती गर्दै आएका छन् । जिल्लामा यस वर्ष पाँच सय ९४ मेट्रिकटन भन्दा धेरै गुड र खुदो उत्पादन भएको छ । रुरुक्षेत्र र छत्रकोटमा कुल छ सय २५ घरधुरीका कृषकहरु व्यावसायिक रुपमा उखु खेतीमा जोडिएका छन् ।

# रामपुर नगरको खर्च...

...पूँजीगततर्फ यो खर्च रकम ७९ दशमलव ०१ प्रतिशत हो । त्यसैगरी चालु बजेटतर्फ रामपुर नगरपालिकाले ५४ करोड ९१ लाख ९४ हजार बजेट विनियोजन गरेको थियो । जसमा ४९ करोड ५४ लाख ७० हजार ६६ दशमलव ४८ खर्च भएको छ । चालुतर्फ यो आर्थिक वर्षमा रामपुर नगरपालिकाको वित्तिय प्रगती ९० दशमलव २२ प्रतिशत हो । यो आर्थिक वर्षमा ३ सय ८९ वटा विभिन्न योजनाको काम सम्पन्न भएको योजना शाखा प्रमुख विक्रम बस्नेतले जानकारी दिए । नगरपालिकाको ४ सय ३ वटा योजना रहेकोमा १४ वटा योजना सम्पन्न नभएको जसमध्ये ९ वटा सम्झौता नभएको र ५ वटा सम्झौता भएर पनि काम नभएको उनले बताए । ठेक्का प्रक्रिया र उपभोक्तामार्फत हुने योजना समयमै शुरु भई सम्पन्न भएका कारण यस वर्ष वित्तिय प्रगति गत वर्ष भन्दा बढी भएको प्रमुख प्रशासकीय अधिकृत पण्डितले बताए । नगरपालिका भित्र सञ्चालन हुने योजनाहरुको अनुगमन र ताकेताका कारण पनि धेरै योजना तथा कार्यक्रम सम्पन्न भएको उपप्रमुख तथा अनुगमन समितिका संयोजक बाल कुमारी थापाको भनाई छ । साथै पटक पटकको अनुगमनले सञ्चालन भएका कार्यक्रम तथा योजना प्रभावकारी र गुणस्तरीय रहेको उनले बताइन् । नगरवासीको सेवा सहजताका लागि घुम्ती शिविर मार्फत योजना सम्झौता,खाता खोल्ने र भुक्तानीको व्यवस्था गरेको र वडा/वडा मै प्राविधिक कर्मचारीको व्यवस्था गरेका कारण धेरै योजना तथा कार्यक्रम सम्पन्न भएको नगर प्रमुख रमण बहादुर थापाले बताए । योजना कार्यान्वयनका लागि सहजिकरण गरेका कारण पनि ठेक्कामार्फत भएका योजना सहज रुपमा समयमै सम्पन्न भएको उनको भनाई छ ।

## खेलकुद समाचार

# जोए रुटले ३७ औं शतक पूरा गरे



**काठमाडौं, असार २७**/ इङ्गल्यान्डका जोए रुटले टेस्ट क्रिकेटमा ३७ औं शतक पूरा गरेका छन् । घरेलु मैदान लर्ड्समा भारतसँगको तेस्रो टेस्टको पहिलो पारीमा रुटले शतक बनाएका हुन् ।

लर्ड्समा उनको यो ८ औं शतक हो । योसँगै ३४ वर्षीय रुट टेस्ट क्रिकेटमा सबैभन्दा धेरै शतक बनाउने खेलाडीको पाँचौं स्थानमा उक्लिएका छन् । टेस्ट क्रिकेटमा सबैभन्दा धेरै शतक बनाउनेमा भारतका सचिन तेन्दुलकर छन् । तेन्दुलकरले ५१ वटा शतक बनाएका छन् । यस्तै दक्षिण अफ्रिकाका ज्याक कालिस ४५ शतकसहित दोस्रो, अस्ट्रेलियाका रिकी पोन्टिङ ४१ शतकसहित तेस्रो र श्रीलङ्काका कुमार साङ्गाकारा ३८ शतकसहित चौथो स्थानमा छन् । अहिले भारत र इङ्गल्यान्डबीच पाँच खेलको टेस्ट शृंखला चलिरहेको हो । पहिलो खेल इङ्गल्यान्डले र दोस्रो खेल भारतले जितेको थियो ।


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५–५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल फेरी 'बेष्ट बैंक अवार्ड' बाट सम्मानित




**पाल्पा, असार २७**/ ग्लोबल आइएमई बैंक लिमिटेड फेरी 'बेष्ट बैंक अवार्ड'बाट सम्मानित भएको छ । बैंक दोस्रो पटक ग्लोबल फाइनान्स म्यागाजिनको बेष्ट बैंक अवार्ड २०२५ बाट सम्मानित भएको हो ।

यो अवार्ड बैंकले लगातार २ वर्षसम्म प्राप्त गरेको छ । उसले २०२४ मा पनि यो अवार्ड प्राप्त गरेको थियो । विश्वसनीयता, वित्तीय श्रोत परिचालन, पहुँच विस्तार, रणनीतिक सम्बन्ध स्थापना, व्यावसायिक तथा ग्राहकमैत्री सेवाहरुको विकास, क्रेडिट रेटिङ्ग लगायतका मापदण्डहरुमा बैंक सन् २०२५ को लागि नेपालको उत्कृष्ट बैंक भएको हो ।

ग्लोबल फाइनान्स म्यागाजिनले ग्लोबल आइएमई बैंकसहित अफ्रिका, एशिया प्यासिफिक, क्यारिबियन, मध्य अमेरिका, ल्याटिन अमेरिका, मध्य र पूर्वी युरोप, मध्य पूर्व, उत्तर अमेरिका र पश्चिम युरोप क्षेत्रका उत्कृष्ट बैंकहरुलाई सम्मान गरेको छ । ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको यस प्रतिष्ठित अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो । ग्लोबल फाइनान्सले विश्वका उत्कृष्ट केन्द्रीय बैंक र वाणिज्य बैंकहरुलाई यो प्रतिष्ठित अवार्ड प्रदान गर्ने गर्दछ । ग्लोबल फाइनान्सले २०२५ को लागि हङकङको एचएसबीसी, भारतको स्टेट बैंक अफ इन्डिया, चीनको चाइना कन्स्ट्रक्सन बैंक, नेपालको ग्लोबल आइएमई बैंक, मलेशियाको यूओबी मलेशिया, बङ्लादेशको सिटी बैंक, जापानको एसएमबीसी लगायतका विश्वभरका विभिन्न बैंकहरुलाई विभिन्न विधामा सम्मानित गरेको हो ।

ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी समयसान्दर्भिक नविनतम् सेवाहरु प्रदान गर्दै आइरहेको ग्लोबल आइएमई बैंकलाई ग्लोबल फाइनान्सबाट "नेपालको उत्कृष्ट बैंक" को सम्मानले आगामी दिनमा बैंकलाई रचनात्मक सेवाहरु प्रदान गर्न प्रोत्साहित गर्ने बैंकले विश्वास लिएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई